# माथागढी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
# Mathagadhi Rural Municipality
## Office of the Rural Municipal Executive

झडेवा, पाल्पा
Jhadewa, Palpa
लुम्बिनी प्रदेश, नेपाल
Lumbini Province, Nepal


च.नं.(Despatch No.) ४३९
पत्र संख्या :(Ref No.) ०७७/७८

मिति :२०७८/०३/०२

विषय : शैक्षिक सत्र २०७८ को विद्यार्थी भर्ना र पठनपाठन सञ्चालन सम्बन्धमा ।

श्री सबै सामुदायिक तथा संस्थागत विद्यालयहरु,
माथागढी गाउँपालिका, पाल्पा ।

प्रस्तुत विषयमा नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले शैक्षिक सत्र २०७८ मिति २०७८।०३।०१ गतेबाट शुरु हुने भन्ने निर्णय गरेकाले यस गाउँपालिका अन्तर्गतका सम्पूर्ण विद्यालयहरुमा समेत शैक्षिक सत्र सोही बमोजिम शुरु गर्ने र यस शैक्षिक सत्रमा विद्यार्थी भर्ना, पठनपाठन सञ्चालन र अन्य विषय सम्बन्धमा देहाय बमोजिम गर्ने/गराउने भन्ने भएको हुँदा सोही अनुसार गर्न/गराउनुहुन जानकारीका साथ अनुरोध छ ।

१. वार्षिक नतिजा प्रकाशन भैसकेकाले पर्याप्त दुरी कायम गरी स्वास्थ्य सुरक्षाका सम्पूर्ण मापदण्डहरु पुरा गर्ने प्रबन्ध गरी विद्यार्थीहरुको प्रगति प्रतिवेदन, रिर्पोट कार्ड आदि वितरण गर्ने ।

२. कक्षा ५ र ८ को गाउँपालिका स्तरीय परीक्षाको ग्रेड सिट प्राप्त गर्नका लागि विद्यार्थीहरुको नाम, बाबुको नाम, आमाको नाम र जन्म मिति फरक नपरेको एकिन गरी पठाउने । यदि फरक परेको रहेछ भने सच्याउन शिक्षा शाखामा अविलम्ब सम्पर्क गर्ने ।

३. विद्यार्थी भर्ना र अभिलेखिकरण कार्य २०७८ असार १५ गते सम्म सम्पन्न गर्ने । त्यसका लागि वैकल्पिक माध्यम प्रयोग गर्न सकिने । विद्यालयमै विद्यार्थी वा अभिभावक उपस्थित भएर भर्ना अभिलेखिकरण गर्दा स्वास्थ्यका सम्पूर्ण मापदण्डहरु पुरा गर्ने/गराउने ।

४. अन्यत्र विद्यालयबाट स्थानान्तरण भई आउने विद्यार्थीहरुको हकमा ग्रेड सिट, स्थानान्तरण प्रमाणपत्र जस्ता लिखित प्रमाणहरु एकिन गरेर मात्र भर्ना लिने र अभिलेख कायम गर्ने ।

५. नेपाल सरकारले जारी गरेको वैकल्पिक प्रणालीबाट विद्यार्थीको सिकाइ सहजीकरण निर्देशिका, २०७७ बमोजिम विद्यार्थी पहिचान तथा वर्गीकरण गर्ने । वैकल्पिक विधिहरु जस्तैः अनलाइन, अफलाइन, टेलिफोन, रेडियो, टेलिभिजन, स्वाध्ययन सामग्रीको प्रयोग, म्यासेज, मोवाइल एप वा वर्कशिटको प्रयोगबाट सिकाइ सहजीकरणलाई निरन्तरता प्रदान गर्ने व्यवस्था मिलाउने । आवधिक तथा आन्तरिक मूल्याङ्कन कार्यहरु जारी राख्ने । नेपाल सरकारबाट अनुमति जारी नभएसम्म भौतिक कक्षा सञ्चालन नगर्ने ।

६. सबै सामुदायिक विद्यालयहरुले आवश्यक सुरक्षा प्रबन्ध मिलाई निशुल्क पाठ्यपुस्तक वितरण गर्ने र संस्थागत विद्यालयहरुले समेत विद्यार्थीहरुलाई पाठ्यपुस्तक पुर्‍याउन सहजीकरण गर्ने । निशुल्क पाठ्यपुस्तक वितरण गर्दा आफ्नो विद्यालयबाट कक्षोन्नति भएका विद्यार्थीहरुलाई पहिलो प्राथमिकता दिने । गत शैक्षिक सत्रमा कक्षा १ मा लागू भएको र यस शैक्षिक सत्रदेखि लागू हुने कक्षा २, ३, र ६ का नयाँ पाठ्यक्रम बमोजिमका पाठ्यपुस्तकहरु अध्यापन गर्ने/गराउने ।

२०७८/०३/०१

राजु नेपाली
प्रमुख प्रशासकीय अधिकृत

७. विद्यालयहरुले बनाउने वार्षिक कार्ययोजना र शिक्षकहरुले बनाउने वार्षिक पाठ योजनामा सामान्य अवस्था हुँदाको प्रत्यक्ष र वैकल्पिक दुबै विधिहरुलाई एकिकृत गरी मिश्रीत प्रणालीको सिकाइ योजना तयार गर्ने । गाउँपालिकाले बनाएको वार्षिक योजनालाई एकिकृत गर्ने ।

८. मिति २०७८ श्रावणको पहिलो हप्ता सम्म सबै सामुदायिक तथा संस्थागत विद्यालयहरुले एकिकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) मा विद्यार्थीको विवरण र नतिजा अनिवार्य रुपमा अद्यावधिक गर्ने ।

९. कक्षा सञ्चालनको अनुमती प्राप्त भएका कक्षाहरुमा मात्र विद्यार्थी भर्ना गर्ने/गराउने ।

१०. यस गाउँपालिकाबाट प्रकाशित मिति २०७८।०२।२६ को शिक्षक दरबन्दी मिलान तथा शिक्षक व्यवस्थापन सूचना अनुसार सम्बन्धित विद्यालयमा दरबन्दी कायम गरिएका शिक्षकहरुले मिति २०७८।०४।०१ गतेबाट तत् तत् विद्यालयमा हाजिर भई सोहि विद्यालयबाट तलब भत्ता प्राप्त गर्ने सुनिश्चितता गर्ने ।

२०७८/०३/०१

..................................

राजु नेपाल

प्रमुख प्रशासकीय अधिकृत